यस हिमालयन डिष्टिलरी लिमिटेडको मिति २०७६ साल कार्तिक २४ गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार कम्पनीको **उन्नाईसौं बार्षिक साधारण सभा** निम्न मिति, समय र स्थानमा सम्पन्न भयो । सभाको सूचना, बिषय सूचि, उपस्थिती, गणपुरक संख्या, बैधानिकता, सभाको सभापतित्व, सभा संचालन तथा संचालक समितिको प्रतिवेदन प्रस्तुति, छलफलमा सहभागिता र सभाका निर्णयहरु समेतको बिवरण निम्नानुसार रहेको छ ।

**(क) सभा भएको स्थान, मिति र समय :**

(१) स्थान :कम्पनीको रजिष्ट्रर्ड कार्यालय, लिपनिविर्ता, विरगन्ज म.न.पा. वार्ड नं. २१, पर्सा ।

(२) मिति : वि.सं. २०७६ साल पौष १ गते, मंगलवार (तदनुसार १७ डिसेम्वर सन् २०१९)

(३) समय :विहान १०:०० बजे ।

**(ख) सभा सम्बन्धि सूचना :**

(१) कम्पनी ऐन २०६३ को दफा ६७ (२) को कानूनी प्रावधान बमोजिम सभा हुने ठाउं, मिति, सभा सुरु हुने समय र छलफलका बिषयहरु उल्लेख गरि सम्पूर्ण शेयरधनीहरुलाई कम्पनीको साधारण सभाको जानकारी होस् भन्ने हेतुले मिति २०७६ साल मंसिर ४(चार ) र २०७६ साल मंसिर ५ (पांच) गतेको राजधानी राष्ट्रिय दैनिक पत्रिकामा कम्पनी ऐन २०६३ को दफा ८४(४) अनुसारको संक्षिप्त वार्षिक आर्थिक विवरण सहितको सूचना प्रकाशित गरि सूचित गरिएको थियो । सो को जानकारी नेपाल धितोपत्र वोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, यस कम्पनीको शेयर रजिष्टार श्री नविल ईन्भेष्टमेण्ट वैकिङ्ग लिमिटेड र सिडियस एण्ड किल्यरिङ्ग लिमिटेडलाई र मिति २०७६।०८।०४ मा र कम्पनी रजिष्टर्डको कार्यालय, त्रिपुरेश्वरलाई मिति २०७६।०८।०५ गराईएको थियो ।

(२) यसै गरि कम्पनी ऐन २०६३ को दफा ८४(४) अनुसारको संक्षिप्त वार्षिक आर्थिक विवरणको सूचना कम्पनीले आफनो website मा समेत प्रकाशन गरि जानकारी गराईएको थियो।

(३) यसै गरी कम्पनीले कम्पनी ऐन २०६३ को दफा ७८ बमोजिमको विवरणलाई ऐनको प्रावधान बमोजिम मिति २०७६/०८/०५ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्रेशित गरिएको थियो ।

(४) साधारण सभा हुनु भन्दा २१ दिन अगावै अर्थात २०७६/०८/८ मा नेपाल स्टक एक्सचेन्ज लिमिटेड र नेपाल धितो पत्र वोर्डमा समेत साधारण सभाको जानकारी गराईएको थियो ।

**(ग) साधारण सभामा छलफलका लागी प्रस्तुत विषयहरु :**

**क. सामान्य प्रस्तावहरु :**

१. आ.व.२०७५।०७६ को संचालक समितिको वार्षिक प्रतिवेदनलाई पारित गर्ने ।

२. कम्पनीको आ.ब.२०७५/०७६ को वासलात, नाफा–नोक्सान हिसाब र नगद प्रवाह हिसाब सहितको लेखा परीक्षण प्रतिवेदनलाई स्वीकृत गर्ने ।

३. यस कम्पनीको सहायक कम्पनी हिमालयन मल्टी एग्रो लि.र हिमालयन फिसरीज लि. को आ.व. २०७५।०७६ को वित्तीय विवरण सहितको एकिकृत (Consolidated) वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने ।

हिमालयन डिष्टलरी लिमिटेड पर्सा
नेपाल

४. संचालक समितिले सिफारिस गरे बमोजिम हाल कायम चुक्ता पूंजिको ५० प्रतिशतले हुने नगद लाभांश रु.२०,२९,७१,३१५।७९(अक्षरुपी वीस करोड उन्नान्तीस लाख एकहत्तर हजार तीन सय पन्ध्र पैसा उन्नानअसी मात्र) (लाभांश कर प्रयोजनार्थ समेत) वितरण गर्न स्विकृत गर्ने र संचालक समितिको निर्णय अनुसार अघिल्लो वर्षको संचित मुनाफावाट शेयरधनीहरुलाई प्रति शेयर रु.६८।४२ (लाभांसमा लाग्ने कर समेत) का दरले वितरण गरिएको अन्तरिम लाभांस समेत अनुमोदन गर्ने ।

५. लेखा परीक्षण समितिको सिफारिस बमोजिम आ.व.२०७६/०७७ का लागि लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने । (सिफारिस भएका एन अमात्य एण्ड कम्पनी, चार्टण्ड एकाउण्टेण्डस् पुनः नियुक्तीका लागि योग्य हुनु हुन्छ ) ।

६. यस कम्पनी र विजय डिष्टिलरी प्रा.लि लगायत अन्य कम्पनी वीच भएको कम्पनीको नाममा दर्ता कायम रहेको ट्रेडमार्क प्रयोग गर्ने सम्वन्धि करारनामाहरुलाई स्विकृत गर्ने, जे.जि.आई.डिष्ट्रिव्यूशन प्रा.लि. वीच भएको मदिरा विक्री वितरण सम्वन्धि करारनामा, फुड एण्ड वेभरेज टेक्नोलोजी रिसर्च सेन्टर प्रा.लि. वीच भएको मदिरा व्लेण्डिङ्ग सम्वन्धि करारनामा, जावलाखेल ग्रुप अफ ईण्डष्ट्रिज प्रा.लि.वीच भएको Amendment on outsourcing agreement for Management and Operation Services सम्वन्धि करारनामालाई नविकरण स्विकृत प्रदान गर्ने ।

**ख. विषेश प्रस्तावहरुः**

१. संचालक समितिले प्रस्ताव गरे बमोजिम हालको चुक्ता पूजिंको ५० प्रतिशतका दरले हुने १९,२८,२२,७५०( अक्षरुपी उन्नाइस करोड अठाईस लाख वाईस हजार सात सय पचास मात्र) अर्थात हाल कायम २:१ कित्ता वरावरका दरले वोनस शेयर वितरण गर्न स्विकृत गर्ने ।

२. वोनस शेयर वितरणबाट कम्पनीको साविक चुक्ता पूंजिं रु.३८,५६,४५,५००( अक्षरुपी अठतीस करोड छपन्न लाख पैतालिस हजार पांच सय) लाई वृद्धि गरी रु.५७,८४,६८,२५० (अक्षरुपी सन्ताउन्न करोड चौरासी लाख अड्सठ्ठी हजार दुई सय पचास) वनाउन प्रवन्ध पत्र तथा नियमावलीमा शंसोधन गर्ने।

३. कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीमा हुने संसोधन सम्वन्धमा नियमनकारी निकायबाट कुनै फेरवदल सुझाव आएमा सो अनुसार गर्न संचालक समितिलाई अख्तियार प्रदान गर्ने ।

४. आ.व.२०७६।०७७ को लागि कम्पनी ऐन २०६३ को दफा १०५ (ग) ले व्यवस्था गरे भन्दा वढिको खर्चलाई पूर्व स्विकृतीको लागि विषेश प्रस्ताव पारित गर्ने ।

**ग. विविध ।**

**(घ) उपस्थीती :**

(१) कम्पनीको उन्नाईसौं वार्षिक साधारण सभामा संचालक समितिका सदस्यहरुको उपस्थीती :

(क) श्री अखिलेश्वर प्रसाद सिंह — अध्यक्ष

(ग) श्री शंकरराज पाण्डे — संचालक

(घ) श्री प्रकाशमणी घिमिरे — संचालक

(२) सभामा भाग लिन पाउने शेयर संख्या र स्वयं वा प्रतिनिधी मार्फत उपस्थित शेयरधनी तथा संचालकहरुको संख्या र उपस्थितीको प्रतिशत:

(क) कुल सभामा भाग लिन पाउने शेयर संख्या : ३८,५६,४५५ कित्ता ।

(ख) स्वयं वा प्रतिनिधि मार्फत उपस्थित शेयरधनी संख्या : (स्वंय ६ जना, प्रतिनिधि मार्फत ८ जना गरि जम्मा १४ जना)

(ग) जम्मा उपस्थित शेयर कित्ता संख्या : ३४,१७,१२५ कित्ता ।

(घ) जम्मा अनुपस्थित शेयर कित्ता शंख्या : ४,३९,३३० कित्ता ।

(ङ) सभामा उपस्थिति रहेको शेयर शंख्याको प्रतिशत : ८८.६० प्रतिशत ।

(च) सभामा अनुपस्थिति रहेको शेयर शंख्याको प्रतिशत : ११.४० प्रतिशत ।

**(ङ) सभाको बैधानिकता :**

कम्पनी ऐन २०६३ को दफा ६७(२) बमोजिम सभा हुने ठाऊ, मिति, समय र छलफल गर्ने बिषय खोलि सबै शेयरधनीहरुलाई जानकारीका लागि कम्पनी ऐन २०६३ को दफा ८४(४) बमोजिम संक्षिप्त वार्षिक आर्थिक विवरण समेत राष्ट्रिय दैनिक पत्रिकामा दुई पटक सूचना प्रकाशित गरि सूचित गरिएको साथै कम्पनी ऐन २०६३ को दफा ७३ बमोजिम सभा संचालनका लागी वांडफाँड भएको कूल शेयर शंख्याको न्यूनतम ५० प्रतिशत भन्दा वढि शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये ३ (तीन) जना स्वयं वा आफनो प्रतिनिधी मार्फत उपस्थित हुनु पर्ने व्यवस्था रहेको । यसै गरि कम्पनीको नियमावलीको नियम १३ (ग) ले साधारण सभामाको गणपुरक शंख्याको लागि कम्तीमा ७ जना शेयरवाला वा निजका प्रतिनिधी उपस्थिती हुने पर्ने उल्लेख भए अनुसार प्रस्तुत सभामा कम्पनी ऐन तथा नियमावलीमा तोकिए भन्दा वढि शेयरवाला तथा शेयरधनीहरुको उपस्थिती रहेको साथै सर्व साधारण शेयरधनीहरुलाई कम्पनी ऐन २०६३ को दफा ६७(२)ब मोजिम सूचना गरिएको हुदां सर्व प्रथम सभामा उपस्थित शेयरधनीहरुले सभाको लागि गणपुरक शंख्या पुगेको र कम्पनी ऐन, नियमावली र कम्पनीको नियमावली बमोजिम साधारण सभा वोलाईएको हो भन्ने कुरा यकिन गरियो ।

सभाको वैधानिकता यकिन पश्चात कम्पनी ऐन २०६३ को दफा ७४ को प्रवाधान वमोजिम यस साधारण सभाको शेयरधनी एवं यस कम्पनीका संचालक समितिका अध्यक्ष श्री अखिलेश्वर प्रसाद सिंहज्यूले सभापतित्व ग्रहण गर्नु भयो ।

**(च) छलफलको लागि आव्हान :**

(१) संचालक समितिका अध्यक्ष तथा यस सभाका सभापति श्री अखिलेश्वर प्रसाद सिंहले यस वार्षिक साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरुलाई हार्दिक स्वागत गर्नु हुदै समिक्षा वर्षमा कम्पनीले हासिल गरेको आर्थिक प्रगति र कम्पनीले भोग्नु परेको समस्या, चुनौतिहरुका विषयमा जानकारी गराउनु भयो । कम्पनीले यस आर्थिक बर्ष २०७५/०७६ मा रु.५३,७०,४२,७४६।०० (अक्षरुपी त्रिपन्न करोड सत्तरी लाख वयालिस हजार सात सय छयालिस मात्र) जम्मा खुद मुनाफा आर्जन गर्न सफल भएको र कम्पनीको मुनाफा गत वर्ष भन्दा लगभग डब्बल हुन गएको जानकारी शेयरधनीहरुलाई गराईयो ।

त्यस पछि सभाका अध्यक्षले यस सभामा छलफलका लागि प्रस्तुत भएका प्रस्तावका सम्पुर्ण विषय सूचिहरु उपर आवश्यक छलफल र विचार विमर्शको लागि आव्हान गर्नु भयो ।

**(छ) सभाका निर्णयहरु :**

**क. सामान्य प्रस्तावहरु:**

**प्रस्ताव नं. :-१. आ.व.२०७५।०७६ को संचालक समितिको वार्षिक प्रतिवेदनलाई पारित गर्ने :** प्रस्तुत प्रतिवेदन उपर विस्तृत छलफल पश्चात यस कम्पनीको उन्नाईसौं वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट पेश भएको प्रतिवेदनलाई पारित गरियोस भनि राखिएको प्रस्तावलाई सभाबाट सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.:-२. कम्पनीको आ.ब.२०७५/०७६ को वासलात, नाफा–नोक्सान हिसाब र नगद प्रवाह हिसाब सहितको लेखा परीक्षण प्रतिवेदनलाई स्वीकृत गर्ने** : सभामा छलफलका लागि प्रस्तुत गरिएको आ.व.२०७५/०७६ को वासलात, नाफा–नोक्सान हिसाब र नगद प्रवाह हिसाव सहितको लेखा परीक्षण प्रतिवेदन स्विकृतका लागि उपस्थित शेयरधनीहरु समक्ष प्रस्ताव गर्दा सभामा उपस्थित सम्पूर्ण शेयरधनी सदस्यहरुबाट सर्व सम्मत रुपमा स्विकृत गरियो ।

**प्रस्ताव नं.:-३. यस कम्पनीको सहायक कम्पनी हिमालयन मल्टी एग्रो लि.र हिमालयन फिसरीज लि.को आ.व. २०७५।०७६ को वित्तीय विवरण सहितको एकिकृत (Consolidated) वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने** : यस सभामा छलफल तथा निर्णयका लागि प्रस्तुत गरिएको हिमालयन डिष्टिलरी लिमिटेडको सहायक कम्पनीहरु:, हिमालयन मल्टी एग्रो लिमिटेड र हिमालयन फिसरीज लिमिटेडको आ.व.२०७५/०७६ को वितीय विवरण सहितको एकिकृत (Consolidated) वित्तीय विवरण स्विकृतका लागि उपस्थित शेयरधनीहरु समक्ष प्रस्ताव गर्दा सभामा उपस्थित सम्पूर्ण शेयरधनी सदस्यहरुबाट सर्व सम्मत रुपमा स्विकृत गरियो ।

**प्रस्ताव नं.:-४.संचालक समितिले सिफारिस गरे बमोजिम हाल कायम चुक्ता पूंजिंको ५० प्रतिशतले हुने नगद लाभांश रु.२०,२९,७१,३१५।७९(अक्षरुपी वीस करोड उन्नान्तीस लाख एकहत्तर हजार तीन सय पन्ध्र पैसा उन्नानअसी मात्र) (लाभांश कर प्रयोजनार्थ समेत) वितरण गर्न स्विकृत गर्ने र संचालक समितिको निर्णय अनुसार अघिल्लो वर्षको संचित मुनाफावाट शेयरधनीहरुलाई प्रति शेयर रु.६८।४२ ( लाभांसमा लाग्ने कर समेत) का दरले वितरण गरिएको अन्तरिम लाभांस समेत अनुमोदन गर्ने** : प्रस्तुत प्रस्ताव उपर विस्तृत सभामा छलफल भई वर्ष कम्पनीले प्राप्त गरेको खुद मुनाफाबाट कम्पनीका शेयरधनीहरुलाई नगद लाभांश रु.२०,२९,७१,३१५।७९ (अक्षरुपी वीस करोड उन्नान्तीस लाख एकहत्तर हजार तीन सय पन्ध्र पैसा उन्नानअसी मात्र) (लाभांस कर प्रयोजनार्थ समेत) वितरण गर्ने स्विकृती र अघिल्लो वर्षको संचित मुनाफावाट शेयरधनीहरुलाई प्रति शेयर रु.६८।४२ (लाभांसमा लाग्ने कर समेत) का दरले वितरण गरिएको अन्तरिम लाभांस समेतलाई यस सभाबाट स्विकृती तथा अनुमोदनको लागि उपस्थित शेयरधनी समक्ष प्रस्ताव राख्दा उक्त प्रस्तावहरुलाई सर्व सम्मतिले स्विकृत तथा अनुमोदन गर्ने निर्णय भयो ।

हिमालयन डिस्टलरी लिमिटेड पर्सा नेपाल HDL

**प्रस्ताव नं.:-५.लेखा परीक्षण समितिको सिफारिस बमोजिम आ.व.२०७६/०७७ का लागि लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने । (सिफारिस भएका एन अमात्य एण्ड कम्पनी, चार्टण्ड एकाउण्टेण्डस् पुनः नियुक्तीका लागि योग्य हुनु हुन्छ )** : प्रस्तुत विषयमा लेखा परीक्षण समितिवाट समेत सिफारिस भएका एन.अमात्य एण्ड कम्पनी, चार्टण्ड एकाउटेण्डस्लाई कम्पनीको आ.व.२०७६।०७७ लागि नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने विषय उपर छलफल गरी विचार गर्दा कम्पनी ऐन २०६३ को दफा १११ अनुसार निज नियुक्त हुनको लागि योग्य हुनु भएको देखिएकाले उक्त फर्म श्री एन.अमात्य एण्ड कम्पनी, चार्टण्ड एकाउटेण्डस्लाई कम्पनीको आ.व.२०७६।०७७ को लेखा परीक्षण गर्नका लागि लेखा परीक्षकमा नियुक्ती गर्ने र लेखा परीक्षण सम्वन्धि कार्य गर्ने निजलाई कर सहितको रु.३,७५,०००।०० (अक्षरुपी तीन लाख पचहत्तर हजार मात्र) कम्पनीको एकिकृत (Consolidated) वित्तीय विवरण समेतको पारिश्रमिक उपलब्ध गराउने निर्णय सर्वसम्मत गरियो ।

**प्रस्ताव नं.:-६. यस कम्पनी र विजय डिष्टिलरी प्रा.लि लगायत अन्य कम्पनी वीच भएको कम्पनीको नाममा दर्ता कायम रहेको ट्रेडमार्क प्रयोग गर्ने सम्वन्धि करारनामाहरुलाई स्विकृत गर्ने, जे.जि.आई. डिष्ट्रिव्यूशन प्रा.लि. वीच भएको मदिरा विकी वितरण सम्वन्धि करारनामा, फुड एण्ड वेभरेज टेक्नोलोजी रिसर्च सेन्टर प्रा.लि. वीच भएको मदिराका व्लेण्डिङ्ग सम्वन्धि करारनामा, जावलाखेल ग्रुप अफ ईण्डष्ट्रिज प्रा.लि.वीच भएको Amendment on outsourcing agreement for Management and Operation Services सम्वन्धि करारनामालाई नविकरण स्विकृत प्रदान गर्ने** : प्रस्तुत विषय सूची उपर विस्तृत छलफल भई विजय डिष्टिलरी प्रा.लि.र हिमालयन डिष्टिलरी लिमिटेड वीच सम्पन्न मिति जुन २३, २०१९ को **Black Oak** र फेव्रुअरी ७, २०१९ मा सम्पन्न **Golden Oak** व्राण्डलाई विजय डिष्टिलरी प्रा.लि.बाट समेत उत्पादन गर्ने सम्वन्धि सम्झौता, एशियन डिष्टिलरी प्रा.लि. र हिमालयन डिष्टिलरी लिमिटेड वीच सम्पन्न फेव्रुअरी ७, २०१९ मा सम्पन्न **Golden Oak** व्राण्डलाई एशियन डिष्टिलरी प्रा.लि.बाट समेत उत्पादन गर्ने सम्वन्धि सम्झौतालाई स्विकृत गर्ने र जे.जि.आई. डिष्टिव्यूसन प्रा.लि. वीच मिति २०७६ कार्तिक १ मा सम्पन्न **मदिरा विकी वितरण सम्वन्धि करारनामा**, मिति २०७६ श्रावण १ मा सम्पन्न फुड एण्ड वेभरेज टेक्नोलोजि रिसर्च सेन्टर प्रा.लि.र यस हिमालयन डिष्टिलरी लिमिटेड वीचको **मदिरा अनुसन्धान, विकाश व्लेण्डिङ्ग सम्वन्धि करारनामा**, यस हिमालयन डिष्टिलरी लिमिटेड र जावलाखेल ग्रुप अफ ईण्डष्ट्रिज प्रा.लि. वीच सम्पन्न मिति २०७६ भाद्र २९ को **Amendment on Outsourcing Agreement for Management And Operation Services** सम्पन्न करारनामा/सम्झौताहरुलाई कम्पनी ऐन २०६३ को दफा ९३ को प्रयोजनार्थ स्विकृत गर्ने सर्व सम्मत निर्णय गरियो । कम्पनी ऐन २०६३ को दफा ७०(१),(२) को प्रावधान अनुसार प्रस्तुत विषय सूची उपर छलफल र निर्णय हुदां विजय डिष्टिलरी प्रा.लि., एयिशन डिष्टिलरी प्रा.लि., फुड एण्ड वेभरेज टेक्नोलोजी रिसर्च सेन्टर प्रा.लि.,जे.जि.आई. डिष्टिव्यूसन प्रा.लि. र जावलाखेल ग्रुप अफ ईण्डष्ट्रिज प्रा.लि.का संचालक तथा नजिकका नातेदार एवं प्रतिनिधि शेयरधनीहरुले भाग लिनु भएन ।

**ख. विषेश प्रस्तावहरु:**

**प्रस्ताव नं.:-१. संचालक समितिले प्रस्ताव गरे बमोजिम हालको चुक्ता पूजिंको ५० प्रतिशतका दरले हुने १९,२८,२२,७५०(अक्षरुपी उन्नाइस करोड अठाईस लाख वाईस हजार सात सय पचास मात्र) अर्थात हाल कायम २:१ कित्ता वरावरका दरले वोनस शेयर वितरण गर्न स्विकृत गर्ने** : कम्पनीले प्राप्त गरेको मुनाफा

मध्येबाट शेयरधनीहरुलाई चुक्ता पूजिंको पचास प्रतिशतले हुने रु.१९,२८,२२,७५०।०० वरावरको वोनस शेयर अर्थात हाल कायम २:१ कित्ता वरावरका दरले वोनस शेयर वितरण गर्नका लागि संचालक समितिले सिफारिस गरेको प्रस्तावलाई स्विकृत गर्नको लागि उपस्थित शेयरधनीहरु समक्ष प्रस्ताव गर्दा उक्त प्रस्तावलाई सर्व सम्मतीले स्विकृत गर्ने निर्णय भयो ।

**प्रस्ताव नं.:-२. वोनस शेयर वितरणबाट कम्पनीको साविक चुक्ता पूंजिं रु.३८,५६,४५,५०० (अक्षरुपी अठतीस करोड छपन्न लाख पैतालिस हजार पांच सय) लाई वृद्धि गरी रु.५७,८४,६८,२५० (अक्षरुपी सन्ताउन्न करोड चौरासी लाख अड्सठ्ठी हजार दुई सय पचास) वनाउन प्रवन्ध पत्र तथा नियमावलीमा शंसोधन गर्ने** : कम्पनीले प्राप्त गरेको मुनाफा मध्येबाट शेयरधनीहरुलाई चुक्ता पूजिंको पचास प्रतिशतले हुने रु.१९,२८,२२,७५०।०० वरावरको वोनस शेयर अर्थात हाल कायम २:१ कित्ता वरावरका दरले वोनस शेयर वितरण गर्ने विषय यस सभाबाट स्विकृत भई सकेको हुनाले सो वोनस शेयर वितरण पश्चात कम्पनीको चुक्ता पुजिंमा वृद्धि हुने हुनाले कम्पनीको प्रवन्ध पत्रको दफा ५(ग), नियमावलीको नियम ५(घ) तथा ५(ङ) मा कायम गरिएको व्यवस्थामा संसोधन गर्नु पर्ने विशेष प्रस्तावलाई तपशिल बमोजिम शंसोधन गर्ने गरी स्विकृत गरियो ।

तपशिल :

**हिमालयन डिष्टिलरी लिमिटेडको प्रवन्ध पत्रको दफा ५(ग), नियमावलीको नियम ५(घ) तथा ५(ङ) मा कायम गरिएको सशोंधित व्यवस्था:**

**प्रवन्ध पत्रको दफा ५(ग) मा कायम हुने संशोधित व्यवस्था:**

कम्पनीको जारी पूजिं मध्ये रु. ५७,८४,६८,२५०।००(सन्ताउन्न करोड चौरासी लाख अडसाठी हजार दुई सय पचास मात्र ) को शेयर जारी गर्नेछ । जस मध्ये रु.३५,९३,१०,०००।०० संस्थापक समुहले र रु.२१,९१,५८,२५०।०० वरावरको शेयर सर्व साधारण शेयरधनीहरुले ग्रहण गर्नेछन ।

**नियमावलीको नियम ५(घ) मा कायम हुने संशोधित व्यवस्था:**

कम्पनीले आफनो जारी पूजिं मध्ये ५७८४६८२.५ कित्ता साधारण शेयरमा विभाजन गरी जारी गर्नेछ । हाल प्रिफरेन्स शेयर सम्वन्धि कुनै व्यवस्था गरिएको छैन ।

**नियमावलीको नियम ५(ङ) मा कायम हुने संशोधित व्यवस्था:**

कम्पनीले तत्काल जारी गरेको पूजिं मध्ये ३५९३१०० थान संस्थापक समुहले र २१९१५८२.५ थान शेयर सर्व साधारण शेयरधनीहरुले ग्रहण गर्नेछन ।

हिमालयन डिस्टलरी लिमिटेड पर्सा नेपाल

**प्रवन्ध पत्रको दफा ५(ग) र नियमावलीको नियम ५(घ) तथा नियम ५(ङ) मा भएको संशोधन सम्वन्धमा खडा गरिएको तीन महले :**

| सािवकमा भएको व्यवस्था | हाल कायम गरिएको व्यवस्था | कारण |
|---|---|---|
| **प्रवन्ध पत्रको दफा ५(ग) मा कायम व्यवस्था:** कम्पनीको जारी पूजिं मध्ये रु. ३८,५६,४५,५००।००( अड्तीस करोड छपन्न लाख पैतालिस हजार पांच सय मात्र ) मात्र जारी गरिनेछ । जस मध्ये ६२.११ प्रतिशत अर्थात २३,९५,४०० कित्ता शेयर संस्थापक समुहले र ३७.८९ प्रतिशत अर्थात रु. १४,६१,०५,५००।०० ( चौध करोड एकसठ्ठी लाख पांच हजार पांच सय मात्र) शेयर अर्थात १४,६१,०५५ कित्ता शेयर सर्व साधारण शेयरधनीहरुले ग्रहण गर्नेछन । | **प्रवन्ध पत्रको दफा ५(ग) मा कायम गरिएको शंसोधित व्यवस्था:** कम्पनीको जारी पूजिं मध्ये रु.५७,८४,६८,२५०।००(सन्ताउन्न करोड चौरासी लाख अडसाठी हजार दुई सय पचास मात्र ) को शेयर जारी गर्नेछ । जस मध्ये रु.३५,९३,१०,०००।०० संस्थापक समुहले र रु.२१,९१,५८,२५०।०० वरावरको शेयर सर्व साधारण शेयरधनीहरुले ग्रहण गर्नेछन । | वोनस शेयर जारी गरि सके पछि कम्पनीको चुक्ता पूजिं संरचनामा वृद्धि हुने भएकाले |
| **नियमावलीको नियम ५(घ) :** कम्पनीले आफनो अधिकृत पूजिं मध्ये ३८५६४५५ थान साधारण शेयर विभाजन गरी तत्काल जारी गरिएकोछ र हाल प्रिफरेन्स शेयर सम्वन्धि कुनै व्यवस्था गरिएको छैन।<br>**नियमावलीको नियम ५(ङ) :** कम्पनीले आफनो तत्काल जारी पूंजि मध्ये ६२.११ प्रतिशत अर्थात २३,९५,४०० कित्ता शेयर संस्थापक समुहले र ३७.८९ प्रतिशत अर्थात १४,६१,०५५ शेयर सर्व साधारण शेयरधनीहरुले ग्रहण गर्नेछन । | **नियमावलीको नियम ५(घ) :** कम्पनीले आफनो जारी पूंजि मध्ये ५७८४६८२.५ कित्ता साधारण शेयर तत्काल जारी गर्नेछ । हाल प्रिफरेन्स शेयर सम्वन्धि कुनै व्यवस्था गरिएको छैन ।<br>**नियमावलीको नियम ५(ङ) :** कम्पनीले तत्काल जारी गरेको पूजिं मध्ये ३५९३१०० कित्ता संस्थापक समुहले र २१९१५८२.५ कित्ता शेयर सर्व साधारण शेयरधनीहरुले ग्रहण गर्नेछन । | वोनस शेयर वितरणबाट कम्पनीको चुक्ता पूंजिमा वृद्धि हेन भएकाले । |

**प्रस्ताव नं.:-३.कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीमा हुने संसोधन सम्वन्धमा नियमनकारी निकायबाट कुनै फेरवदल सुझाव आएमा सो अनुसार गर्न संचालक समितिलाई अख्तियार प्रदान गर्ने :** कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीमा यस साधारण सभाले गरेको वोनस वितरण गर्ने निर्णय पश्चात कम्पनीको चुक्ता पूजिंमा वृद्धि हुने हुनाले कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीमा संसोधन गर्नु पर्ने भएकाले सो संसोधन र अभिलेख सम्वन्धमा नियमनकारी निकायबाट कुनै फेरवदेलको लागि सुझावहरु प्राप्त भएमा सो अनुसार गर्नका लागि यस कम्पनीको संचालक समितिलाई अख्तियारी दिनु पर्ने भन्ने विशेष प्रस्तावलाई यस सभावाट सर्व सम्मतीले पारित गर्ने निर्णय गरियो । साथै उपस्थित शेयरधनीहरुले उक्त कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीमा फेरवदलका लागि कुनै पनि नियमनकारी निकाय, संघ संस्थाबाट सुझावहरु प्राप्त भएमो सो सुझाव अनुसार प्रवन्ध पत्र तथा नियमावलीमा फेरवदल संचालक समितिको निर्णयबाट गरिएमा कुनै आपत्ति नहुने सभावाट स्पष्ट वताईयो ।

**प्रस्ताव नं.:-४.आ.व.२०७६।०७७ को लागि कम्पनी ऐन २०६३ को दफा १०५ (ग) ले व्यवस्था गरे भन्दा वढिको खर्चलाई पूर्व स्विकृतीको लागि विषेश प्रस्ताव पारित गर्ने :** कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा १ को देहाय ग. ले व्यवस्था गरेको सिमा भित्र रहेर कम्पनीले गर्ने चन्दा, अनुदान, दान जस्ता

शिर्षकका खर्च गर्न सम्भव नहुने भएको हुनाले कम्पनीले वार्षिक रुपमा गर्ने चन्दा, अनुदान वा दान वापत हुने खर्च सदाका वर्षहरुमा झै यस शिर्षकमा हुने खर्च आ.व.२०७६।०७७ का लागि रु.१५,००,०००।–(अक्षरुपी पन्ध्र लाख) सम्मको पूर्व स्विकृत गर्ने बिषेश प्रस्तावलाई सर्व सम्मतीले स्विकृत गर्ने निर्णय गरियो ।

अन्तिममा विविध विषयहरुमा कुनै पनि जिज्ञासाहरु प्राप्त भएको जानकारी यस सभा समक्ष नआएकोले सभाअध्यक्षले उपस्थित सम्पूर्ण शेयरधनीहरु,आगन्तुक पाहुनाहरु, कम्पनीका पूर्व अध्यक्ष, पूर्व प्रवन्ध संचालक, कम्पनी व्यवस्थापनका व्यवस्थापक, सुरक्षा निकायका प्रतिनिधिहरु, पत्राकारहरु र कम्पनीमा श्रमिकहरुलाई सभामा सहभागी हुनु भएकोमा धन्यवाद ज्ञापन गर्दै र पूर्व संचालक सदस्यहरुबाट सदैव सहयोग र सुझावहरुको अपेक्षा गर्दै आजको सभा समापन गर्नु भई सवै आगन्तुकहरुलाई कम्पनीले आयोजना गरेको जलपानमा सहभागी हुनका लागि अनुरोध गर्नु भयो ।

..............................

अखिलेश्वर प्रसाद सिंह
सभापति
मितिः २०७६।०९।०१
कम्पनीको छापः

..............................

नेत्र प्रसाद तिम्सीना
कम्पनी सचिव
मितिः २०७६।०९।०१